निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# स्थानीय तह निर्वाचन इ-बुलेटिन

१६ दिन बाँकी

• वर्ष १ • अङ्क १४ • २०७९ वैशाख १४ गते बुधबार (April 27, 2022)



# 'आचारसंहिताको प्रभावकारी कार्यान्वयन गर्न आयोग कटिबद्ध छ'

**रामप्रसाद भण्डारी, निर्वाचन आयुक्त**

**निर्वाचन आचारसंहिताको कार्यान्वयन कसरी भइरहेको छ ?**

निर्वाचन आयोगले संवत् २०७८ चैत २५ देखि आचारसंहिता लागू हुनेगरी निर्णय गरेको छ। आचारसंहिता वास्तवमा सबैले अनुशासित भएर कानूनमा उल्लेख भएका विषयहरू राम्रोसँग परिपालना गर्नुपर्छ भन्ने सन्देश हो। यो हालमात्र नयाँ तर्जुमा भएको विषय होइन । संविधान, ऐन, नियम र प्रचलित कानूनमा समेटिएका विषयवस्तुलाई आचारसंहिताको स्वरूपमा राखिएको हो । राजनीतिक दल, उम्मेदवार, दलका भ्रातृ सङ्गठन, सार्वजनिक पदाधिकारी र मतदाता सबैले एउटै कानूनी लिखतभित्र गर्नुहुने र नहुने विषयको जानकारी पाऊन् भनेर आचारसंहिता जारी गरी लागू गरिएको हो। आयोगबाट आचारसंहिता लागू भइसकेपछि उम्मेदवारको मनोनयनपत्र पनि दर्ता भएको छ। मनोनयनपत्र दर्ता भइसकेपछि मत माग्न उम्मेदवार, दलका नेता तथा कार्यकर्ताहरू मतदाता समक्ष जानुहुन्छ । उहाँहरूले आचारसंहिताको पालना गर्ने र उल्लङ्घन समेत हुनसक्ने मुख्य समय यही हो । कसैले आचारसंहिता पालना नगरेको विषयमा कुनै उजुरी वा सूचना आयोगमा प्राप्त भएपछि त्यसको दर्ता गरी आचारसंहिता उल्लङ्घन गर्ने जोसुकैलाई पनि स्पष्टीकरण माग्ने काम हुन्छ। हाल केही दल र नेतासँग मागेको स्पष्टीकरणको प्रतिक्रिया पनि आइसकेको अवस्था छ । आचारसंहिता उल्लङ्घन सम्बन्धी परेको उजुरीका घटनाको निर्णय गर्ने प्रक्रियामा आयोग पुगेको छ। केही विषय छानविनकै अवस्थामा छन्। यसरी अनुगमन गर्ने तथा आचारसंहिता विपरीतका कामको उजुरी प्राप्त गरी कारवाही प्रक्रिया अगाडि बढाई आचारसंहिताको कार्यान्वयन गरिएको छ।

(बाँकी पृष्ठ २)

## निर्वाचन आयोगका पदाधिकारी



प्रमुख निर्वाचन आयुक्त
**दिनेश कुमार थपलिया**



निर्वाचन आयुक्त
**इश्वरीप्रसाद पौड्याल**




निर्वाचन आयुक्त
**रामप्रसाद भण्डारी**



निर्वाचन आयुक्त
**डा. जानकी कुमारी तुलाधर**



निर्वाचन आयुक्त
**सगुन शम्सेर ज. ब. रा.**



सचिव
**गोकर्णमणि दुवाडी**



**आचारसंहिता उल्लङ्घनका घटनामा अनुगमन गर्ने संयन्त्र कस्तो छ ?**

आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि चार तहमा अनुगमनका संयन्त्रहरू छन् । केन्द्रीयस्तरमा आयोगको एकजना आयुक्तको संयोजकत्वमा अनुगमन समिति छ। जिल्लामा मुख्य निर्वाचन अधिकृतको संयोजकत्वमा अनुगमन समिति छ। प्रतिनिधि सभा निर्वाचन क्षेत्रलाई आधार मानेर निर्वाचन क्षेत्रमा निर्वाचन क्षेत्रस्तरीय समिति छ । त्यसैगरी स्थानीय तहमा समेत अनुगमन समितिको व्यवस्था छ। ती समितिहरू आआफ्नो क्षेत्रमा क्रियाशील भएका छन् । अनुगमनको कार्य निरन्तर रूपमा भइरहेको छ । राजनीतिक दलका प्रतिनिधिलाई पनि ती समितिमा आमन्त्रण गर्ने व्यवस्था छ । सो अनुसार दलका नेता, उम्मेदवार, कार्यकर्ताहरू एवम् मतदाताहरू आचारसंहिताको कार्यान्वयनमा सजग हुनुहुन्छ भन्ने हाम्रो पवित्र बुझाई छ । आयोगले विभिन्न सञ्चार माध्यमबाट हुनसक्ने आचारसंहिताको उल्लङ्घनलाई नियमन गर्न प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासङ्घसँग सहकार्य गरी अनुगमन भइरहेको छ । सामाजिक सञ्जालबाट हुने आचारसंहिताको उल्लङ्घनलाई नियमनको दायरामा ल्याउन विशेषज्ञसहितको कार्यदल गठन गरी सो कार्यदलले अनुगमन गरिरहेको अवस्था छ।

**आचारसंहिताको उल्लङ्घन भएमा के कस्तो कारवाही हुन्छ ?**

सम्बद्ध सबै पक्षबाट निर्वाचन आचारसंहिताको पूर्ण परिपालना हुन्छ भन्ने कुरामा आयोग विश्वस्त छ। आचारसंहिताको प्रभावकारी कार्यान्वयन गर्न आयोग कटिबद्ध छ । आचारसंहिता पालना नभएको अवस्थामा उल्लङ्घनकर्ता सजायको भागिदार हुनुपर्छ । जानी जानी सजायको भागी हुने रहर सायद कसैलाई पनि हुँदैन । तसर्थ हरेक सचेत नागरिकबाट यसको पूर्ण परिपालना हुन्छ । आयोगले उजुरीको आधारमा नभई आफैँले नियमित अनुगमन समेत गरिरहेको छ । आयोगका सबै आयुक्तहरू आफैँ खटेर पनि विभिन्न ठाउँमा अनुगमन गरिरहेका छौं । काभ्रेपलाञ्चोक जिल्लाको तीन ठाउँमा म आफैँ पनि अनुगमन गर्न गएको थिएँ । उल्लङ्घन भएको ठाउँमा रेकर्ड गरेर आयोगमा प्रतिवेदन पठाउन भनेका छौं । राजनीतिक दलको केही कार्यक्रममा मापदण्डभन्दा बढी झण्डा प्रयोग भएको, टिसर्टहरू प्रयोग गरेको देखिएको छ। त्यसैलाई पनि हामीले नोटिसमा लिएर कारवाहीको प्रक्रिया अघि बढाएका छौं। चन्द्रगिरी नगरपालिका ८ को कार्यालयमा साडी बाँड्ने कार्यक्रम तय भएको सूचना प्राप्त

**आचारसंहिता उल्लङ्घनका गम्भीर घटना पनि छन्। तर न्यून छन्। त्यस्ता उल्लङ्घनका घटनाहरुमा आयोगले कारवाही गरी सार्वजनिक गर्नेछ।**

भएपश्चात् तुरुन्त हामीले रोक्न निर्देशन दियौं । त्यो कार्यक्रम तत्क्षण स्थगित भएको जानकारी आयो । हामीले लिखित रूपमा पनि स्पष्टीकरण सोधेका छौं । आयोगले सोधेका स्पष्टीकरणको जवाफ प्राप्त भइरहेको छ । उक्त स्पष्टीकरणहरूउपर आयोगले आवश्यक कारवाही गर्छ। आयोगको जानकारीमा आएसम्म आचारसंहिता उल्लङ्घनका घटनालाई नियन्त्रण गर्नेगरेको छ ।

आम नागरिकले पनि त्यस्ता आचारसंहिता विपरीतका कार्यहरू भएगरेको अवस्थामा आयोग र निर्वाचन अधिकृतको कार्यालयमा उजुरी तथा सूचना दिन सकिन्छ । जुनसुकै माध्यमबाट सूचना प्राप्त भयो भने त्यसलाई तत्काल आवश्यक कारवाही प्रक्रियामा लगी आचारसंहिता उल्लङ्घन भएको वा हुँदैगरेको विषयमा कारवाही गर्ने गरिएको छ ।

सामाजिक सञ्जालबाट पनि कुनै उम्मेदवारको व्यक्तिगत चरित्रहत्या गर्नेगरी कुनै सूचना सम्प्रेषण गर्न पाइँदैन, तर कतिपय मिडियाकर्मी र सर्वसाधारणबाट सामाजिक



सञ्जालमार्फत आचारसंहिता उल्लङ्घन भइरहेको सूचना आयोगलाई प्राप्त भइरहेको छ । त्यस्तो ठाउँमा हामीले प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासंघसँग समन्वय गरेर आचारसंहिता उल्लङ्घनका घटनाको न्यूनीकरणको पहल गरिरहेका छौं ।

गम्भीररूपमा आचारसंहिता उल्लङ्घन भएको ठाउँमा आयोगले कानूनअनुसार कारवाही गर्छ। निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ मा भएको कानूनी व्यवस्थाबमोजिम आयोगले कसैबाट आचारसंहिता पालना नभएकोमा त्यस्तो काम कारवाही रोक्न आदेश दिन सक्छ। त्यस्तो आदेशबमोजिम काम कारवाही नरोक्ने जोकोहीलाई आयोगले एक लाख रुपियाँसम्म जरिवाना गर्न सक्छ । कुनै उम्मेदवारले आयोगले बनाएको आचारसंहिताको उल्लङ्घन गरेको कारणबाट निर्वाचन स्वतन्त्र, स्वच्छ र धाँधलीरहित तवरबाट हुन नसक्ने कुरामा आयोग विश्वस्त भएमा त्यस्तो उम्मेदवारको उम्मेदवारी समेत रद्द गर्नसक्छ। कारवाही गर्ने अधिकार आयोगसँग सुरक्षित छ ।

आचारसंहिता उल्लङ्घनका गम्भीर घटना पनि छन् । तर न्यून छन् । त्यस्ता उल्लङ्घनका घटनाहरूमा आयोगले कारवाही गरी सार्वजनिक गर्नेछ । समग्रमा निर्वाचन आचारसंहिताको कार्यान्वयन अपेक्षाकृत राम्रो छ । आयोग यसबाट उत्साहित नै छ ।

## प्रदेशअनुसार मतदाता (२०७९ वैशाख २९ गते सम्म १८ वर्ष पूरा भएका) मतदान स्थल र मतदान केन्द्र सङ्ख्या

**कर्णाली प्रदेश**

| | | |
|---|---|---|
| पुरुष | : | ५०६१८० |
| महिला | : | ४९५०९९ |
| अन्य | : | ३ |
| जम्मा | : | १००१२८२ |
| मतदान स्थल | : | ९०७ |
| मतदान केन्द्र | : | १३८५ |

**गण्डकी प्रदेश**


| | | |
|---|---|---|
| पुरुष | : | ८६४४५२ |
| महिला | : | ९२४९४८ |
| अन्य | : | ११ |
| जम्मा | : | १७८९४११ |
| मतदान स्थल | : | १२५३ |
| मतदान केन्द्र | : | २३०० |

**बागमती प्रदेश**

| | | |
|---|---|---|
| पुरुष | : | १७०४८९८ |
| महिला | : | १७०७९४२ |
| अन्य | : | २९ |
| जम्मा | : | ३४१२८६९ |
| मतदान स्थल | : | १७९२ |
| मतदान केन्द्र | : | ४०९५ |

**सुदूरपश्चिम प्रदेश**

| | | |
|---|---|---|
| पुरुष | : | ८००६६२ |
| महिला | : | ८३१४७० |
| अन्य | : | १८ |
| जम्मा | : | १६३२१५० |
| मतदान स्थल | : | ११३५ |
| मतदान केन्द्र | : | २१०३ |



**प्रदेश नं. १**

| | | |
|---|---|---|
| पुरुष | : | १६९९८०० |
| महिला | : | १६४७५६१ |
| अन्य | : | २३ |
| जम्मा | : | ३३४७३८४ |
| मतदान स्थल | : | १८७७ |
| मतदान केन्द्र | : | ४०५१ |

**लुम्बिनी प्रदेश**

| | | |
|---|---|---|
| पुरुष | : | १६१८०७३ |
| महिला | : | १६०१३५२ |
| अन्य | : | ३२ |
| जम्मा | : | ३२१९४५७ |
| मतदान स्थल | : | १६२९ |
| मतदान केन्द्र | : | ३८३२ |

**मधेश प्रदेश**

| | | |
|---|---|---|
| पुरुष | : | १७९७९४५ |
| महिला | : | १५३३१५८ |
| अन्य | : | ६७ |
| जम्मा | : | ३३३११७० |
| मतदान स्थल | : | २१६३ |
| मतदान केन्द्र | : | ४१८९ |

# 'पर्यवेक्षक निर्वाचनका आँखा र कान हुन्'



**काठमाडौँ-** निर्वाचन आयोगका आयुक्त सगुन शमशेर ज.ब.राले पर्यवेक्षकहरू निर्वाचनका लागि आँखा र कान दुवै भएकाले इमान्दारीपूर्वक जिम्मेवारी वहन गर्न निर्देशन दिनुभएको छ। निर्वाचन आयोगद्वारा बुधबार यहाँ आयोजित 'पर्यवेक्षण संस्थाका लागि अभिमुखीकरण कार्यक्रम' को उद्घाटन गर्नुहुँदै उहाँले सो निर्देशन दिनुभयो।

आसन्न निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, भयरहित र पारदर्शी बनाउन पर्यवेक्षण संस्थाका प्रतिनिधिहरूको भूमिका महत्त्वपूर्ण रहने उहाँले चर्चा गर्नुभयो । पर्यवेक्षकहरू मतदाताको विश्वास जित्न सबैसँग मिजासिलो भएर आदर सम्मान गर्न आवश्यक रहेको भन्नुहुँदै आयुक्त ज.ब.राले भन्नुभयो, 'यस पटक स्थानीय तह सदस्य निर्वाचनका लागि अन्तर्राष्ट्रिय पर्यवेक्षक नभएकाले इमान्दारि पूर्वक विश्वास जितेर काम गर्नुहोला।'

निर्वाचन पर्यवेक्षणलाई प्रभावकारी बनाउन निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७८ जारी भइसकेकाले त्यसको परिपालना गरी काम गर्न उहाँले निर्देशन दिनुभयो । निर्वाचन अवधिमा देशभर पर्यवेक्षक बाँडिएर अनुगमन गर्न आवश्यक रहेको चर्चा गर्नुहुँदै आयुक्त ज.ब.रा.ले सुगममा मात्र पर्यवेक्षक थुप्रिन नहुने बताउनुभयो। निर्वाचन सम्पन्न भएपछि पर्यवेक्षण प्रतिवेदन आयोगमा पेश गर्न उहाँले आग्रह गर्नुभयो ।

निर्वाचन आयोगका सहसचिव तथा प्रवक्ता शालिग्राम शर्मा पौडेलले पर्यवेक्षकलाई आफ्नो मतदातासूची रहेको पालिका बाहेक अन्य ठाउँमा पर्यवेक्षण गर्नुपर्ने जिम्मेवारी भएकाले सोहीअनुसार व्यवस्था गर्न आग्रह गर्नुभयो।

एक दिने अभिमुखीकरण कार्यक्रममा आयोगका सहसचिव तथा प्रवक्ता पौडेल, सहसचिव यज्ञप्रसाद भट्टराई, सहसचिव तुलसीबहादुर श्रेष्ठ, उपसचिव कमल भट्टराई, उपसचिव सूर्यप्रसाद अर्याल लगायतको उद्घाटनसत्रमा सहभागिता थियो।

कार्यक्रममा आयोगबाट पर्यवेक्षण अनुमति पाएका संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । आयोगबाट निर्वाचन पर्यवेक्षण समिति नेपाल, नेपाल युवा परिषद, समाज कल्याण सेवा, मानव विकास केन्द्र नेपाल, शान्तिका लागि साझा अभियान, प्रगतिशील युवा क्लब, सहारा फाउण्डेशन, स्वावलम्बी एकता समाज नेपाल, सिम्रिक फाउण्डेशन नेपाल, ग्रामीण साझेदारी विकास केन्द्र, मानव हित संरक्षण मञ्च नेपाल, पोखरा रिसर्च सेन्टर लगायतका संस्थाका प्रतिनिधिहरूको सहभागिता थियो।

कार्यक्रममा सहसचिव तुलसीबहादुर श्रेष्ठ, उपसचिव सूर्यप्रसाद अर्याल, उपसचिव लक्ष्मी शर्मा, उपसचिव कमल भट्टराई, शाखा अधिकृत तीर्थराज चापागाई, छविकिरण पौडेल, श्रवणकुमार लुइटेल र जयकला राईले विभिन्न विषयमा प्रस्तुति गर्नुभयो ।

सहसचिव यज्ञप्रसाद भट्टराईले निर्वाचन आचारसंहिता, २०७८ को प्रावधानबारे जानकारी गराउनुभयो। सो अवसरमा उहाँले आचरण वा व्यवहारको परिस्कृत नैतिक नियम प्रतिपादन गरी लेखिएको शास्त्र वा विधा आचारसंहिता भएको बताउनुभयो । त्यस्तै, सार्वजनिक अधिकारी, राजनीतिक दल, निजी क्षेत्र, व्यक्ति वा संस्थाको व्यवहार नियन्त्रण गर्ने लिखित नियमहरूको संगालो नै आचारसंहिता भएको बताउनुभयो । मान्छेको अनैतिक आचरण व्यवहार रोक्न र सम्बोधन गर्न तयार गरिएको दस्तावेज नै आचारसंहिता भएको जानकारी दिनुभयो।

सहसचिव तुलसीबहादुर श्रेष्ठले स्थानीय तह सदस्य २०७९ निर्वाचन पर्यवेक्षणबारे जानकारी गराउनुभयो। पर्यवेक्षकले आफ्नो दायित्वलाई सहिरूपमा पालना गर्नुपर्ने उहाँले बताउनुभयो । पर्यवेक्षकले निष्पक्षरूपले पर्यवेक्षण गर्नुपर्ने र सबैसँग अनुशासित र सुमधुर सम्बन्ध कायम गर्नुपर्ने उहाँले जानकारी गराउनुभयो।

उपसचिव कमल भट्टराईले निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७८ को प्रावधानबारे








जानकारी गराउनुभयो । पर्यवेक्षक भनेको आयोगबाट पर्यवेक्षणको अनुमति पाएका र पर्यवेक्षण संस्थाबाट पर्यवेक्षण गर्न खटिएका व्यक्तिलाई जनाउँछ भन्नुभयो । पर्यवेक्षण अवधिमा कसैले कसैलाई मतदानमा वञ्चित गराउने गतिविधि देखेमा आयोग वा मतदान अधिकृत वा निर्वाचन अधिकृत वा निर्वाचन कार्यालयलाई सो को तुरुन्त जानकारी गराउन आग्रह गर्नुभयो ।

उपसचिव सूर्यप्रसाद अर्यालले स्थानीय तह निर्वाचन कानुनी व्यवस्थाबारे जानकारी गराउनुभयो । अनुमति प्राप्त गरेका व्यक्ति वा संस्थाले पर्यवेक्षण कार्य समाप्त भएको ३० दिनभित्र प्रतिवेदन आयोग समक्ष दिनुपर्ने बताउनुभयो । सो अवसरमा उहाँले स्थानीय तह सदस्य निर्वाचनमा १ करोड ७७ लाख ३३ हजार ७२३ मतदाता रहने जानकारी दिनुभयो । त्यस्तै, १० हजार ७५६ मतदान स्थल र २१ हजार ९५५ मतदान केन्द्र रहने बताउनुभयो ।

आयोगका शाखा अधिकृत तीर्थराज चापागाईंले प्रस्तुतिको क्रममा पर्यवेक्षण संस्था र पर्यवेक्षकहरूले पूरा गर्नुपर्ने दायित्व, जिम्मेवारीका सम्बन्धमा स्पष्ट पार्दै निर्वाचनसम्बन्धी कानून, आयोगले जारी गरेको आचारसंहिता एवम् पर्यवेक्षण निर्देशिकाको उल्लङ्घन भएमा पर्यवेक्षण अनुमति खारेज हुने तथा पर्यवेक्षक परिचयपत्र समेत रद्द हुन सक्ने भएकाले सचेततापूर्वक र जिम्मेवारीपूर्ण तरिकाले पर्यवेक्षण गर्न हुन आग्रह गर्नुभयो । उहाँले पर्यवेक्षणका क्रममा आचारसंहिता विरुद्धका गतिविधि देखिएमा तुरुन्तै आयोगलाई जानकारी गराउन आग्रह गर्दै निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित र मर्यादित बनाउन पर्यवेक्षकहरूको अहम् भूमिका रहेको समेत बताउनुभयो ।

शाखा अधिकृत छविकिरण पौडेलले ६ वटा महानगरपालिका बाहेक २३ समूहका ७७ प्रकारका मतपत्र हुने बताउनुभयो । ३ वटा स्वतन्त्र निर्वाचन चिन्ह रहने उहाँले जानकारी दिनुभयो । वैशाख ३० गते मतदानका लागि वैशाख २७ र २८ गते मतदाताहरूले सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट परिचयपत्र प्राप्त गर्न सक्ने उहाँले जानकारी दिनुभयो । २७ गते मंगलबार राती १२ बजेदेखि मौन अवधि शुरू हुने र सो अवधिमा प्रचार प्रसार गर्न नपाइने उहाँले जानकारी गराउनुभयो ।

कार्यक्रममा सहभागी प्रतिनिधिले सवारी पास, मतदानको अधिकार, डिजिटल परिचयपत्रको सहज व्यवस्था गर्न आयोगका पदाधिकारीसँग माग गर्नुभयो । दुर्गम ठाउँमा पर्यवेक्षण गर्न निर्वाचनभन्दा एक दिन अगाडि पुग्नुपर्ने बाध्यता रहेकाले आयोगले परि चयपत्र र सवारी अनुमति समयमै व्यवस्था गर्नुपर्ने उहाँहरूले माग राख्नुभयो ।

### पर्यवेक्षकको दायित्व

निर्वाचन पर्यवेक्षण निर्देशिका २०७८ ले विभिन्न ११ वटा बुँदामा पर्यवेक्षकको दायित्व निर्धारण गरेको छ । निर्धारित बुँदाअनुसार निर्वाचनसँग सरोकार राख्ने सम्बद्ध पक्षसँग सरोकार राख्ने सम्बद्ध पक्षसँग निर्वाचन सम्बन्धी विषयमा स्वतन्त्र र निष्पक्ष रूपमा संवाद गर्ने, आयोगले अनुमति दिएको क्षेत्र वा स्थानमा मात्र पर्यवेक्षण गर्ने, निर्वाचन प्रचार प्रसार अभियान, निर्वाचनमा लैङ्गिक तथा समावेशीताको अवस्था, मतदाताको निर्वाध आवत जावत, निर्वाचन सामग्रीको ओसारपसार, मतदान प्रक्रिया, मतगणना, निर्वाचन परिणाम समेतका विषयमा पर्यवेक्षण गर्ने रहेको छ ।

सोहीअनुसार निर्वाचनसम्बन्धी प्रक्रियाको विभिन्न चरणमा सम्बन्धित राजनीतिक दलहरूको सहभागिता रहे वा नरहेको विषयमा जानकारी लिने, निर्वाचन अधिकृतको अनुमति लिएर मात्र मतगणना स्थलमा प्रवेश गर्ने, निर्वाचन अधिकृतको अनुमति लिएर मात्र मतदान केन्द्रभित्र प्रवेश गर्ने, यसरी प्रवेश गर्दा मतदान केन्द्रको गोप्य कक्षमा प्रवेश नगर्ने, निर्वाचन परिणाम घोषणा गर्दा अपनाइने प्रक्रियासम्बन्धी जानकारी लिने आदि रहेको छ ।

त्यस्तै, पर्यवेक्षकको कार्यमा खटिँदा पर्यवेक्षकलाई प्राप्त परिचयपत्र सबैले देख्नेगरी लगाउनु पर्ने, आफूले पर्यवेक्षण गरेको प्रत्येक स्थानको प्रतिवेदन तयार गरी आयोगमा र आफूलाई नियुक्त गर्ने पर्यवेक्षण संस्थामा पेश गर्ने, पर्यवेक्षणका क्रममा कुनै किसिमको डर, त्रास, देखाई कुनै पनि मतदान केन्द्र वा मतदान केन्द्रको वरिपरि मतदातालाई स्वतन्त्ररूपले मतदान गर्नबाट बञ्चित गर्ने कार्य आदि भएको देखेमा सो सम्बन्धी जानकारी तुरुन्त आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृत वा निर्वाचन कार्यालयलाई गराउनुपर्ने रहेको छ ।

स्थानीय तह निर्वाचन इ-बुलेटिन-२०७९ | निर्वाचन आयोग, नेपाल ELECTION COMMISSION, NEPAL

स्थानीय तह सदस्य निर्वाचन, २०७९ सँग सम्बन्धित सूचनाहरू आमसञ्चार माध्यम एवम् आमसरोकारहरूका लागि सहज पहुँचसहित सम्प्रेषण गर्ने उद्देश्यले आयोगका प्रवक्ता र सहप्रवक्ताका अतिरिक्त देहायबमोजिमका निर्वाचन सूचना सम्प्रेषण अधिकारी तोकिएको छ :

१) सहसचिव श्री तुलसीबहादुर श्रेष्ठ, मोबाइल नं. –९८५११२२२३३

२) उपन्यायाधिवक्ता श्री गुरुप्रसाद वाग्ले, मोबाइल नं.–९८४१४५१५३१

# आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण गर्नेलाई काउन्सिलको कारवाही

**काठमाडौं-** स्थानीय तह सदस्य निर्वाचन २०७९ अन्तर्गत गत चैत २६ गतेदेखि हालसम्म कुल ३५ सञ्चार माध्यमबाट ३६ वटा आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण भएको प्रेस काउन्सिल नेपालले जनाएको छ । बुधबार अनुगमनबारेको कार्यप्रगति विवरण समेटिएको विज्ञप्ति जारी गर्दै काउन्सिलले सो जानकारी गराएको हो ।

काउन्सिलले आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण गर्ने चार वटा वेबपोर्टललाई नेपालभित्र सम्प्रेषण हुन नसक्ने गरी कारवाही गरिएको उपप्रशासकीय अधिकृत रामशरण बोहराले जानकारी दिनुभयो। साथै सञ्चार माध्यमलाई निर्वाचन आचारसंहिता परिपालनामा गम्भीर बन्न काउन्सिलले आग्रह पनि गरेको छ।

स्थानीय तह निर्वाचनका सन्दर्भमा २०७८ चैत २५ गतेदेखि निर्वाचन आचारसंहिता लागू भएको थियो । निर्वाचन आचारसंहिता लागू भएपश्चात् आयोगसँगको सम्झौताअनुसार काउन्सिलले देशभरका सञ्चार माध्यमहरूको अनुगमन गरिरहेको छ । सञ्चार माध्यमबाट निर्वाचन आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण भएको देखिएमा तत्काल कारबाही प्रक्रिया अगाडि बढाइ सोको जानकारी निर्वाचन आयोगलाई समेत काउन्सिलले गराउँदैआएको छ।

आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण गर्ने ३५ सञ्चार माध्यममध्ये ४ वटालाई २४ घण्टे स्पष्टीकरण माग गरिएकोमा २ सञ्चार माध्यमबाट पेस भएको स्पष्टीकरण चित्तबुझ्दो नदेखिएको भन्दै प्रथम पृष्ठमा क्षमायाचना प्रकाशन गर्न निर्देशन दिइएको काउन्सिलले जनाएको छ।

सोहीअनुसार २ वटा सञ्चारगृहले आगामी दिनमा आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण नगर्ने र सजग रहने प्रतिबद्धता जनाएको काउन्सिलले जनाएको छ । यसैगरी ६ पत्रपत्रिका, ३ रेडियो, ५ टेलिभिजन र १४ अनलाइन गरी २८ वटालाई आचारसंहिता कार्यान्वयनका लागि निर्देशन दिइएको उपप्रशासकीय अधिकृत बोहराले जानकारी दिनुभयो ।

दुई वटा अनलाइनबाट निर्देशनपश्चात् पनि आचारसंहिता प्रतिकूल सामग्री पुनः सम्प्रेषण भएपछि सचेत गराइएको काउन्सिलले जनाएको छ। त्यस्तै ४ वटा सञ्चारमाध्यमलाई ध्यानाकर्षण गराइएको बोहराले बताउनुभयो ।

आगामी दिनमा दल तथा उम्मेदवारबारेमा प्रचार प्रसारमा तीव्रता आउने हुँदा निर्वाचन सन्दर्भमा सूचना तथा समाचार सम्प्रेषण गर्दा विशेष ध्यान पुऱ्याउन सञ्चार माध्यमलाई काउन्सिलले आग्रह गरेको छ। गलत समाचार, दुष्प्रचार र घृणास्पद अभिव्यक्तिहरू सम्प्रेषण हुन नदिन, कसैको पक्ष वा विपक्ष हुनेगरी र राजनीतिक दल वा उम्मेदवारको प्रतिष्ठामा आँच पुऱ्याउने गरी सामग्री सम्प्रेषण हुन नदिनेतर्फ सजग रहन काउन्सिलले सबैमा आग्रह गरेको छ।

## बाइस जिल्लामा पठाइयो मतपत्र

**काठमाडौँ–** निर्वाचन आयोगले वैशाख ३० गते हुने स्थानीय तह सदस्य निर्वाचन–२०७९ का लागि हालसम्म छपाई भएका मतपत्र २२ जिल्लामा पठाएको छ।

भक्तपुरस्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको कार्यालयबाट ट्रकमा लोड भइ वैशाख १३ र १४ गते नौ जिल्ला गरी २२ जिल्लामा ३४ लाख प्रति मतपत्र पठाइएको छ । आज सुदूरपश्चिम प्रदेशका कञ्चनपुर, बझाङ, कैलाली, दार्चुला र डडेल्धुरा तथा प्रदेश नं. १ को ताप्लेजुङ, पाँचथर र इलाममा मतपत्र पठाइएको हो । ती मतपत्र केहीदिनभित्र सम्बन्धित पालिकामा पुग्नेछ ।

वैशाख १३ गते कर्णाली प्रदेशका १० जिल्ला र सुदूरपश्चिम प्रदेशका ३ गरी तेह्र जिल्लामा मतपत्र पठाइएको थियो। आजसम्म १ करोड ८७ लाख (८८ प्रतिशत) मतपत्र छपाइ कार्य सम्पन्न भइसकेको छ। निर्वाचनका लागि १ करोड ९४ लाख मतपत्र आवश्यक पर्ने अनुमान गरिएको छ। आयोगले यसअघि निर्वाचन सामग्रीको ढुवानी गरिसकेको छ।

## जनशक्ति थप गर्ने निर्णय

काठमाडौँ– निर्वाचन आयोगले स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन निर्देशिका, २०७८ मा संशोधन गरी महागरपालिकाका हकमा मतपत्र रुजु गरी पठाउनका लागि दुई जना शाखा अधिकृतसहित अन्य पदमा जनशक्ति थप गर्ने निर्णय गरेको छ।

आयोगका पदाधिकारीको आजको बैठकले सो निर्देशिकाको दफा ५ को उपदफा (१) मा उल्लेख भएका जनशक्तिका अतिरिक्त महागरपालिकाका हकमा सोही निर्देशिकाको दफा ५ (९) बमोजिमको अवधिभरका लागि दुई जना शाखा अधिकृत, दुई जना सहायक कर्मचारी, एक जना कम्प्युटर अपरेटर, सवारी चालक एक जना र दुई जना कार्यालय सहयोगीसहित जनशक्ति थप गर्ने निर्णय गरेको हो ।

## उम्मेदवार मनोनयनको दलगत अवस्था

| विवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| प्रमुख | १,८९४ | २०९ | २,१०३ |
| अध्यक्ष | २,२०३ | १५२ | २,३५५ |
| उपप्रमुख | ३४३ | १,४१७ | १,७६० |
| उपाध्यक्ष | ३८८ | १,६४९ | २,०३७ |
| वडा अध्यक्ष | २८,५५२ | ८२० | २९,३७२ |
| महिला सदस्य | - | २५,६८९ | २५,६८९ |
| दलित महिला सदस्य | - | २३,३७० | २३,३७० |
| सदस्य | ५०,६०२ | २,४५७ | ५३,०५९ |

## स्वतन्त्र उम्मेदवारको मनोनयन अवस्था

| विवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| प्रमुख | १,३३४ | ५७ | १,३९१ |
| अध्यक्ष | ९८६ | ४६ | १,०३२ |
| उपप्रमुख | २६४ | १३२ | ३९६ |
| उपाध्यक्ष | २२५ | १३९ | ३६४ |
| वडा अध्यक्ष | ५,६६३ | २३० | ५,८८३ |
| महिला सदस्य | - | ७५९ | ७५९ |
| दलित महिला सदस्य | - | ४७३ | ४७३ |
| सदस्य | २३०६ | १०६ | २,४१२ |

*(आयोगको प्रणालीमा बुधवार साँझ ५ बजेसम्म प्रविष्ट भएको तथ्याङ्कमा आधारित)*

निर्वाचन आयोग, नेपाल ELECTION COMMISSION, NEPAL

**निर्वाचनसम्बन्धी आधिकारिक जानकारी तथा सूचनाका लागि निर्वाचन आयोगको वेबसाइट तथा सामाजिक सञ्जाल फलो गर्नुहोला।**

**इ-बुलेटिन प्रकाशन समिति**

**गोकर्णमणि दुवाडी,** सचिव-संरक्षक

**शालिग्राम शर्मा पौडेल,** सहसचिव- संयोजक

**कमल भट्टराई,** उपसचिव- सदस्य

**राजन नेपाल**- सदस्य, **प्रकाश सिलवाल**- सदस्य, **लोकबहादुर चौधरी**- सदस्य

**श्रवणकुमार लुइटेल**- सदस्य सचिव

डिजाइन- **ज्ञानेन्द्रकुमार लामा**, फोटो पत्रकार - **प्रदीपराज वन्त**

**टोल फ्री नं.:** ११०२ **फोन नं.:** ०१-५३२८६६३, **फ्याक्स:** ०१-५३२९२२७, **इमेल:** info@election.gov.np, **वेबसाइट:** www.election.gov.np

# तथ्याङ्कमा उम्मेदवार मनोनयन

निर्वाचन आयोगको प्रणालीमा प्रविष्ट भए अनुसार स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा उम्मेदवारी मनोनयन गर्नेहरूको विवरण निम्नानुसार रहेको छ :

| पार्टीको नाम | प्रमुख | | | | अध्यक्ष | | | | उपप्रमुख | | | | उपाध्यक्ष | | | | वडाध्यक्ष | | | | म.सदस्य | द.म.सदस्य | सदस्य | | | | कूल उम्मेदवार | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | अन्य | जम्मा | पुरुष | महिला | अन्य | जम्मा | पुरुष | महिला | अन्य | जम्मा | पुरुष | महिला | अन्य | जम्मा | पुरुष | महिला | अन्य | जम्मा | | | पुरुष | महिला | अन्य | जम्मा | पुरुष | महिला | अन्य | जम्मा |
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | २६३ | २७ | ० | २९० | ४१८ | २८ | ० | ४४६ | २६ | २५९ | ० | २८५ | ३५ | ४१० | ० | ४४५ | ६,३८८ | ११८ | ० | ६,५०६ | ६,३८४ | ६,१८५ | १२,२८६ | ५४१ | ० | १२,८२७ | १९,४१६ | १३,९५२ | ० | ३३,३६८ |
| नेपाली काँग्रेस | २५३ | १२ | ० | २६५ | ३६३ | १९ | ० | ३८२ | ३१ | १८० | ० | २११ | ६७ | २९२ | ० | ३५९ | ६,०५२ | ८० | ० | ६,१३२ | ६,०७३ | ५,८०९ | ११,७१० | ३८२ | ० | १२,०९२ | १८,४७६ | १२,८४७ | ० | ३१,३२३ |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | १५६ | १८ | ० | १७४ | २६१ | २९ | ० | २९० | ८४ | १३० | ० | २१४ | ११२ | २०३ | ० | ३१५ | ४,३३७ | ९१ | ० | ४,४२८ | ४,१७० | ३,९०१ | ८,२८२ | ३९९ | ० | ८,६८१ | १३,२३२ | ८,९४१ | ० | २२,१७३ |
| जनता समाजवादी पार्टी, नेपाल | १४५ | १४ | ० | १५९ | १७९ | १० | ० | १८९ | २८ | ११० | ० | १३८ | २६ | १३० | ० | १५६ | २,००४ | ६५ | ० | २,०६९ | १,६७९ | १,४८६ | ३,३७६ | १५० | ० | ३,५२६ | ५,७५८ | ३,६४४ | ० | ९,४०२ |
| लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल | ८८ | ५ | ० | ९३ | ७५ | ३ | ० | ७८ | ८ | ७२ | ० | ८० | ३ | ५५ | ० | ५८ | ९८९ | ३६ | ० | १,०२५ | ८५७ | ७९६ | १,६३७ | ९३ | ० | १,७३० | २,८०० | १,९१७ | ० | ४,७१७ |
| नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजबादी) | १२७ | २३ | ० | १५० | १७५ | १२ | ० | १८७ | ७१ | १०६ | ० | १७७ | ६८ | ११२ | ० | १८० | २,३५५ | ७३ | ० | २,४२८ | २,०१७ | १,६१८ | ४,२३५ | २८२ | ० | ४,५१७ | ७,०३१ | ४,२४३ | ० | ११,२७४ |
| विवेकशील साझा पार्टी | २५ | ४ | ० | २९ | ९ | १ | ० | १० | १ | १५ | ० | १६ | १ | २ | ० | ३ | ८७ | ७ | ० | ९४ | ३२ | २० | ६४ | ७ | ० | ७१ | १८७ | ८८ | ० | २७५ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | २२४ | २६ | ० | २५० | २७८ | १४ | ० | २९२ | ३२ | १९७ | ० | २२९ | २१ | १८३ | ० | २०४ | ३,०३५ | १२१ | ० | ३,१५६ | २,१२३ | १,६६२ | ४,४६८ | २३६ | ० | ४,७०४ | ८,०५८ | ४,५६२ | ० | १२,६२० |
| राष्ट्रिय जनमोर्चा | ५२ | २ | ० | ५४ | ३० | १ | ० | ३१ | २ | २४ | ० | २६ | ६ | १४ | ० | २० | २१७ | ७ | ० | २२४ | १२९ | ९२ | २८८ | १७ | ० | ३०५ | ५९५ | २८६ | ० | ८८१ |
| नेपाल मजदुर किसान पार्टी | ४८ | ६ | ० | ५४ | ३० | ५ | ० | ३५ | ५ | ३४ | ० | ३९ | २ | १७ | ० | १९ | २०३ | १७ | ० | २२० | १४५ | ७६ | २६४ | २० | ० | २८४ | ५५२ | ३२० | ० | ८७२ |
| नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी लेनिनवादी) | २३ | ५ | ० | २८ | १२ | १ | ० | १३ | ३ | ८ | ० | ११ | २ | १ | ० | ३ | २२ | ३ | ० | २५ | ८ | ५ | २३ | १ | ० | २४ | ८५ | ३२ | ० | ११७ |
| नेपाल संघीय समाजवादी पार्टी | ७ | ० | ० | ७ | २ | १ | ० | ३ | ० | १ | ० | १ | ० | २ | ० | २ | १८ | २ | ० | २० | १३ | ७ | २२ | २ | ० | २४ | ४९ | २८ | ० | ७७ |
| राष्ट्रिय जनमुक्ति पार्टी | २१ | ३ | ० | २४ | १४ | १ | ० | १५ | १ | १३ | ० | १४ | ३ | ७ | ० | १० | १०३ | १९ | ० | १२२ | ८८ | ६१ | १६४ | २२ | ० | १८६ | ३०६ | २१४ | ० | ५२० |
| नेपाली जनता दल | १२ | १ | ० | १३ | ९ | १ | ० | १० | ० | ३ | ० | ३ | १ | २ | ० | ३ | १९ | २ | ० | २१ | ४ | २ | ४ | १ | ० | ५ | ४५ | १६ | ० | ६१ |
| संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | २० | १ | ० | २१ | २० | १ | ० | २१ | १ | १५ | ० | १६ | ५ | १० | ० | १५ | १४८ | १३ | ० | १६१ | ८३ | ४२ | १९३ | ८ | ० | २०१ | ३८७ | १७३ | ० | ५६० |
| बहुजन शक्ति पार्टी | ८ | १ | ० | ९ | ११ | ० | ० | ११ | ० | ५ | ० | ५ | २ | १० | ० | १२ | ७४ | ३ | ० | ७७ | ५९ | ६१ | १०८ | ११ | ० | ११९ | २०३ | १५० | ० | ३५३ |
| मंगोल नेशनल अर्गनाइजेसन | ६९ | १० | ० | ७९ | १०१ | १४ | ० | ११५ | ११ | ५० | ० | ६१ | १३ | ६३ | ० | ७६ | ५३३ | ४१ | ० | ५७४ | २७९ | १३९ | ५५४ | ५५ | ० | ६०९ | १,२८१ | ६५१ | ० | १,९३२ |
| संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च(थरुहट) | २ | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | १ | ० | ३ | ३ | ० | ० | २ | ० | २ | ४ | ६ | ० | १० |
| नेपाल जनता पार्टी | ९ | १ | ० | १० | ९ | ० | ० | ९ | २ | ५ | ० | ७ | २ | ५ | ० | ७ | ५० | ३ | ० | ५३ | २७ | २२ | ५५ | ४ | ० | ५९ | १२७ | ६७ | ० | १९४ |
| आमूल परिवर्तन मसिहा पार्टी नेपाल | १२ | ५ | ० | १७ | ० | ० | ० | ० | १ | ३ | ० | ४ | १ | ० | ० | १ | ५ | ० | ० | ५ | १ | ० | ४ | ० | ० | ४ | २३ | ९ | ० | ३२ |
| राष्ट्रिय मुक्ति आन्दोलन नेपाल | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | २ | ० | २ | ० | ० | ० | ० | १ | १ | ० | २ | १ | ० | १ | ० | ० | १ | ३ | ४ | ० | ७ |
| नेपाः राष्ट्रिय पार्टी | २ | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ४ | ० | ० | ४ |
| नेपाल समावेशी पार्टी | २ | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | १ | ० | ० | १ | १ | १ | २ | ० | ० | २ | ६ | २ | ० | ८ |
| नेपाली कांग्रेस (बी.पी.) | २० | ३ | ० | २३ | ९ | ० | ० | ९ | १ | ८ | ० | ९ | २ | १ | ० | ३ | ४६ | ५ | ० | ५१ | २० | १७ | ४४ | २ | ० | ४६ | १२२ | ५६ | ० | १७८ |
| तामाङसालिङ लोकतान्त्रिक पार्टी | ० | ० | ० | ० | २ | ० | ० | २ | ० | ० | ० | ० | ० | १ | ० | १ | २ | २ | ० | ४ | १ | १ | ४ | ० | ० | ४ | ८ | ५ | ० | १३ |
| नेपालका लागि नेपाली पार्टी | १३ | १ | ० | १४ | ५ | १ | ० | ६ | १ | ४ | ० | ५ | ० | २ | ० | २ | २५ | ३ | ० | २८ | १२ | ८ | १९ | ४ | ० | २३ | ६३ | ३५ | ० | ९८ |
| राष्ट्रिय नागरिक पार्टी | ३ | २ | ० | ५ | १ | ० | ० | १ | १ | २ | ० | ३ | ० | १ | ० | १ | ६ | ० | ० | ६ | २ | ३ | ७ | १ | ० | ८ | १८ | ११ | ० | २९ |
| नेपाल दलित पार्टी | ७ | ० | ० | ७ | ३ | ० | ० | ३ | ० | ४ | ० | ४ | ० | १ | ० | १ | १६ | ४ | ० | २० | ६ | ५ | १४ | २ | ० | १६ | ४० | २२ | ० | ६२ |
| देशभक्त समाज | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | १ |
| जनमत पार्टी (जपा) | ८५ | ६ | ० | ९१ | ८५ | ४ | ० | ८९ | ४ | ७५ | ० | ७९ | ६ | ७६ | ० | ८२ | १,१७५ | ४४ | ० | १,२१९ | १,०५९ | १,००३ | १,९९५ | १६१ | ० | २,१५६ | ३,३५० | २,४२८ | ० | ५,७७८ |
| जनता प्रगतिशिल पार्टी, नेपाल | ७ | १ | ० | ८ | ६ | १ | ० | ७ | २ | ३ | ० | ५ | ४ | ४ | ० | ८ | ६८ | ३ | ० | ७१ | ५६ | ५४ | ११५ | १ | ० | ११६ | २०२ | १२३ | ० | ३२५ |
| नेपाल लोकतान्त्रिक पार्टी | १२ | १ | ० | १३ | २ | १ | ० | ३ | ० | ७ | ० | ७ | ० | २ | ० | २ | ४३ | ४ | ० | ४७ | ३१ | २६ | ५७ | ५ | ० | ६२ | ११४ | ७७ | ० | १९१ |
| तराइ-मधेश लोकतान्त्रिक पार्टी | २ | २ | ० | ४ | ५ | १ | ० | ६ | ३ | ३ | ० | ६ | ० | ४ | ० | ४ | ४६ | ३ | ० | ४९ | ३२ | ३१ | ६२ | ५ | ० | ६७ | ११८ | ८१ | ० | १९९ |
| मौलिक जरोकिलो पार्टी | २४ | ७ | ० | ३१ | ६ | ० | ० | ६ | ४ | १६ | ० | २० | ० | ० | ० | ० | १६ | ८ | ० | २४ | ८ | ४ | ६ | ४ | ० | १० | ५६ | ४७ | ० | १०३ |
| बहुजन एकता पार्टी नेपाल | १२ | ० | ० | १२ | ५ | ० | ० | ५ | ० | १० | ० | १० | ० | ५ | ० | ५ | ७१ | ७ | ० | ७८ | ५९ | ५७ | १११ | १२ | ० | १२३ | १९९ | १५० | ० | ३४९ |
| वैज्ञानिक समाजवादी पार्टी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| नेपाल सद्भावना पार्टी | ९ | ३ | ० | १२ | ३ | ० | ० | ३ | १ | २ | ० | ३ | ० | १ | ० | १ | १४ | ३ | ० | १७ | ७ | ११ | २० | ० | ० | २० | ४७ | २७ | ० | ७४ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | २३ | ४ | ० | २७ | १८ | ० | ० | १८ | ५ | १० | ० | १५ | १ | ८ | ० | ९ | ८५ | ६ | ० | ९१ | ४८ | २४ | ७४ | ६ | ० | ८० | २०६ | १०६ | ० | ३१२ |
| नागरिक उन्मुक्ति पार्टी | ८ | २ | ० | १० | ५ | ० | ० | ५ | ० | ६ | ० | ६ | ० | ५ | ० | ५ | ६८ | २ | ० | ७० | ६१ | ४९ | १०८ | १० | ० | ११८ | १८९ | १३५ | ० | ३२४ |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| खम्बुवान राष्ट्रिय मोर्चा नेपाल | ७ | १ | ० | ८ | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | १ | १ | ० | २ | ० | ० | ४ | ० | ० | ४ | १२ | ३ | ० | १५ |
| नेपाल परिवार दल | ६ | ० | ० | ६ | २ | ० | ० | २ | ० | ३ | ० | ३ | ० | ० | ० | ० | १२ | १ | ० | १३ | ४ | १ | ५ | १ | ० | ६ | २५ | १० | ० | ३५ |
| नेपाल विवेकशील पार्टी | २ | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ | ० | ० | ४ | २ | २ | ४ | ० | ० | ४ | १० | ४ | ० | १४ |
| सचेत नेपाली पार्टी | ५ | २ | ० | ७ | २ | ० | ० | २ | ० | ३ | ० | ३ | १ | ० | ० | १ | ९ | १ | ० | १० | २ | १ | ७ | ० | ० | ७ | २४ | ९ | ० | ३३ |
| सामाजिक लोकतान्त्रिक पार्टी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| समाजवादी केन्द्र नेपाल | १ | ० | ० | १ | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | २ |
| पिछडावर्ग निषाद दलित जनजाती पार्टी | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ४ | १ | ० | ५ | ४ | ३ | ६ | १ | ० | ७ | ११ | १० | ० | २१ |
| नेश्नलिष्ट पिपल्स पार्टी | ३ | १ | ० | ४ | ० | ० | ० | ० | १ | १ | ० | २ | ० | ० | ० | ० | ६ | ४ | ० | १० | १ | ० | ४ | ० | ० | ४ | १४ | ७ | ० | २१ |
| प्रजातान्त्रिक पार्टी नेपाल | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | १ | १ | ० | २ |
| राष्ट्रिय जनता पार्टी नेपाल | १ | ० | ० | १ | २ | ० | ० | २ | ० | ० | ० | ० | ० | १ | ० | १ | ६ | ० | ० | ६ | ५ | ३ | ७ | २ | ० | ९ | १६ | ११ | ० | २७ |
| राष्ट्रिय सद्भावना पार्टी | ० | ० | ० | ० | २ | १ | ० | ३ | ० | ० | ० | ० | १ | २ | ० | ३ | १० | ० | ० | १० | २ | ० | ६ | ० | ० | ६ | १९ | ५ | ० | २४ |
| नेपाल कम्युनिष्ट पार्टी राष्ट्रवादी | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | १ | १ | ० | १ | ० | १ | २ | ३ | ० | ५ |
| नेपाल कम्युनिष्ट पार्टी परिवर्तन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | २ | ० | ० | १ | ० | ० | १ | २ | १ | ० | ३ |
| इतिहासिक प्रजातान्त्रिक जनता पार्टी नेपाल | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | १ |
| त्रिमूल नेपाल | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| किरात खम्बुवान साझा पार्टी | १ | ० | ० | १ | ० | ० | ० | ० | १ | ० | ० | १ | ० | ० | ० | ० | ४ | ० | ० | ४ | २ | २ | ५ | ० | ० | ५ | ११ | ४ | ० | १५ |
| माओवादी जनमुक्ति पार्टी नेपाल | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| नेपाल कम्युनिष्ट पार्टी (समाजवादी) | ७ | २ | ० | ९ | ११ | ० | ० | ११ | ३ | ७ | ० | १० | ० | ५ | ० | ५ | २० | १ | ० | २१ | ७ | ७ | १२ | १ | ० | १३ | ५३ | ३० | ० | ८३ |
| मितेरी पार्टी नेपाल | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| उन्नत लोकतन्त्र पार्टी | २१ | २ | ० | २३ | ५ | १ | ० | ६ | २ | २ | ० | ४ | ० | ० | ० | ० | २४ | २ | ० | २६ | २ | ० | ८ | ० | ० | ८ | ६० | ९ | ० | ६९ |
| आधुनिक नेपाल समाजवादी पार्टी | २ | ० | ० | २ | ० | ० | ० | ० | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ० | ३ |
| साझा पार्टी नेपाल | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | २ |
| नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी (पुष्पलाल) | १ | ० | ० | १ | २ | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ६ | ० | ० | ६ |
| नेपाल सुशासन पार्टी | १३ | १ | ० | १४ | ८ | ० | ० | ८ | १ | ७ | ० | ८ | ० | ६ | ० | ६ | ५४ | १ | ० | ५५ | ४० | ३७ | ९० | ३ | ० | ९३ | १६६ | ९५ | ० | २६१ |
| नेपाल कम्युनिष्ट पार्टी माओवादी समाजवादी | ७ | २ | ० | ९ | ४ | १ | ० | ५ | ३ | ३ | ० | ६ | १ | २ | ० | ३ | १६ | ५ | ० | २१ | १० | ९ | २१ | ० | ० | २१ | ५२ | ३२ | ० | ८४ |
| माओवादी कम्युनिष्ट पार्टी, नेपाल | ० | ० | ० | ० | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | १ | ० | २ |
| सामाजिक एकता पार्टी | ७ | ० | ० | ७ | १ | ० | ० | १ | ० | २ | ० | २ | ० | १ | ० | १ | ४ | २ | ० | ६ | १ | १ | ३ | ० | ० | ३ | १५ | ७ | ० | २२ |
| जनसमाजवादी पार्टी नेपाल | २ | २ | ० | ४ | ९ | ० | ० | ९ | २ | १ | ० | ३ | ० | ३ | ० | ३ | ३२ | ० | ० | ३२ | १७ | १५ | २५ | २ | ० | २७ | ७० | ४० | ० | ११० |
| जनजागरण पार्टी नेपाल | ३ | ० | ० | ३ | २ | ० | ० | २ | ० | ३ | ० | ३ | १ | ० | ० | १ | ३ | १ | ० | ४ | ३ | २ | ४ | ० | ० | ४ | १३ | ९ | ० | २२ |
| बहुजन समाज पार्टी नेपाल | ४ | ० | ० | ४ | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ५ | २ | ० | ७ | ३ | ३ | ८ | ० | ० | ८ | १७ | ९ | ० | २६ |
| राष्ट्रिय विकास पार्टी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | २ | २ | ० | ० | २ |
| नेपालवाद | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| लोक दल | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| नेपाल आमा पार्टी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| समावेसी लोकतान्त्रिक पार्टी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| संघीय खम्बुवान लोकतान्त्रिक पार्टी नेपाल | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| नेपाल सुकुम्बासी पार्टी (लोकतान्त्रिक) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| राष्ट्रिय यथार्थवादी पार्टी, नेपाल | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | २ |
| नेपाल नौलो जनवादी पार्टी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ० | १ |
| राष्ट्रिय समाजवादी पार्टी नेपाल | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ | ० | ० | ५ | ३ | ४ | ४ | ० | ० | ४ | ९ | ७ | ० | १६ |
| स्वतन्त्र | १,३३४ | ५७ | ० | १,३९१ | ९८६ | ४६ | ० | १,०३२ | २६४ | १३२ | ० | ३९६ | २२५ | १३९ | ० | ३६४ | ५,६६३ | २३० | ० | ५,८९३ | ७५९ | ४७३ | २,३०६ | १०६ | ० | २,४१२ | १०,७७८ | १,९४२ | ० | १२,७२० |
| **जम्मा** | **३,२२८** | **२६६** | **०** | **३,४९४** | **३,१८९** | **१९८** | **०** | **३,३८७** | **६०७** | **१,५४९** | **०** | **२,१५६** | **६१३** | **१,७८८** | **०** | **२,४०१** | **३४,२१५** | **१,०५०** | **०** | **३५,२६५** | **२६,४४८** | **२३,८४३** | **५२,९०८** | **२,५६३** | **०** | **५५,४७१** | **९४,७६०** | **५७,७०५** | **०** | **१५२,४६५** |